# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

प.सं. ०७८/०७९

च.नं.

मितिः २०७८/१२/०१

**सेवा करारमा सहजकर्ता पदपूर्ती गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०१

इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सशर्त अनुदान अन्तरगत किसान सूचिकरणको लागि किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा १९ को उपदफा २ बमोजिम कृषक दर्ता तथा व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. ३ र ७ मा किसान सूचीकरण गर्न सहजकर्ता सेवा करारमा पदपूर्ति गरी देहायको संख्यामा करारमा राख्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १०/०७८/०७९ | सहजकर्ता | ८ | |

१. आवश्यक शैक्षिक योग्यताः

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

२) आधारभुत कम्प्युटर सम्बन्धि ज्ञान भएको ।

३) इन्टरनेट चलाउन सक्ने ।

४) एन्ड्रोईड वा स्मार्ट मोबाईल ट्याबलेट वा ल्यापटप साथमा भएको र चलाउन जान्ने ।

५) दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

२. दरखास्त दिने अन्तिम मितिः २०७८/१२/०७ सम्म (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन आवेदन पेश गरिसक्नु पर्नेछ ।

३. आवेदन दस्तुरः रू. ४००/- (चारसय रूपैयाँ मात्र)

४. छनौटको किसिमः छोटो सूची तथा अन्तरवार्ता ।

५. आवेदन फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरूः

१) उम्मेदवारको व्यक्तिगत विवरण

२) नेपाली नागरिकताको प्रतिलिपि

३) माथि उल्लेखित न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

४) हालको ठेगाना खुल्ने प्रमाण पत्रको प्रतिलिपि

५) पासपोर्ट साइजको फोटो ३ प्रति

६) इटहरी उपमहानगरपालिकाको राजश्व शाखामा तोकिएको परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.सं. ०७८/०७९

६. सेवा सुविधाः
किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथा प्रविष्ट गरे वापत रू. ७५/- का दरले वा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

७. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः
इटहरी उपमहानगरपालिका कृषि विकास ा पशुपन्छी विकास शाखा इटहरी, सुनसरी वा नगरपालिकाको Website: http://itaharimun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।

८. आवेदन स्वीकृत अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार इटहरी उप महानगरपालिकालाई हुनेछ ।

९. रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । यदि झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही स्वयम आफै हुनु पर्नेछ ।

१०. स्थानीय र कृषि तथा पशुविज्ञान विषयमा उल्लेखित योग्यता भएकोलाई प्राथमिकता दिईनेछ ।

११. अन्य थप जानकारीको लागि इटहरी उपमहानगरपालिका सूचना शाखा, कृषि तथा पशुपन्छी विकास शाखामा सम्पर्क गर्न सकिनेछ वा इटहरी उपमहानगरपालिकाको Website: http://itaharimun.gov.np हेर्न सकिनेछ ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत